# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

प.सं. :- २०८२/८३
च.नं. :-

विदा सम्बन्धी सूचना ।

प्रकाशित मितिः २०८२/०५/२५

राजधानी काठमाडौंसहित देशका विभिन्न स्थानहरूमा मिति २०८२/०५/२३ र २०८२/०५/२४ गते भएको "Gen Z" आन्दोलनका क्रममा ठूलो संख्यामा सार्वजनिक तथा निजी सम्पत्ति नष्ट हुनुका साथै सरकारी कार्यालय, विद्यालय, स्वास्थ्य संस्था र अन्य संरचनाहरूमा समेत क्षति पुगेको छ । यस घटनाले सामान्य जनजीवन अस्तव्यस्त बनेको, जनधनमा क्षति पुऱ्याएको र असामान्य परिस्थिति उत्पन्न भएको दृष्टिगत गर्दै आवश्यक सुरक्षात्मक सावधानी तथा जनताको सुरक्षालाई प्राथमिकतामा राखी, यस धर्मदेवी नगरपालिकाको कार्यालय मातहतका सम्पूर्ण वडा कार्यालयहरू, सामुदायिक तथा निजी विद्यालयहरू, स्वास्थ्य संस्था तथा अन्य निकाय/संस्थाहरू (आकस्मिक र अत्यावश्यक सेवाबाहेक) आज मिति २०८२/०५/२५ गते र २०८२/०५/२६ गते २ दिनका लागि बन्द गर्ने निर्णय गरिएको छ ।

यस कठिन घडीमा आन्दोलनका क्रममा ज्यान गुमाएका महानुभावहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं । साथै आन्दोलनका क्रममा घाइते भएकाहरूको शीघ्र स्वास्थ्य लाभको हार्दिक कामना गर्दछौं ।

२०८२/५/२५

..............................
उदय चन्द्र पौडेल
नगर प्रमुख

☎फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np
"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"